*सम्मानित गाउँसभाका सभाध्यक्ष ज्यू,*

*गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारी ज्यूहरु लगायत दोस्रो गाउँसभा, उन्नाईसौं अधिवेशन (बजेट अधिवेशन)मा उपस्थित महानुभाव ज्यूहरु ।*

सत्रौं गाउँसभमा उपस्थित हुनुभएका सम्पूर्णमा हार्दिक अभिवादन र स्वागत व्यक्त गर्दै म चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक (नौ महिना) अवधिको वजेट तथा यस अवधिमा भएको आम्दानी तथा खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

चालु आर्थिक वर्ष २०८२/८३ मा शुरु बजेट ५३ करोड ९ लाख ४ हजार रहेकोमा समीक्षा अविधमा संशोधित बजेट ५३ करोड ८६ लाख ९१ हजार ७६० रुपैयाँ रहेको छ ।जसमध्ये गत बर्षको बैंक मौज्दात अ.ल्या. सहित ४७ करोड ५४ लाख ७४ हजार ५६५ रुपैयाँ समीक्षा अविधिमा आम्दानी भएको छ ।

प्राप्त आम्दानी मध्ये संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको अंश ७१ प्रतिशत रहेको छ । त्यस्तै प्रदेश सरकारबाट प्राप्त हुने वित्तिय हस्तान्तरणको अंश ३ दशमलव १३ प्रतिशत रहेको छ । त्यस्तै संघीय सरकार राजश्व बाँडफाँटको अंश १७ दशमलव ३७ प्रतिशत, प्रदेश राजश्व बाँडफाँट १ दशमलव ५ प्रतिशत, आन्तरिक राजश्वको अंश १ दशमलव २० प्रतिशत रहेको छ । स्मरण रहोस् चालु आर्थिक वर्षमा आन्तरिक राजश्वको अनुमान ८० लाख अनुमान गरिएकोमा समीक्षा अवधिमा यसको ७१ दशमलव ४७ प्रतिशत अर्थात ५७ लाख १८ हजार १ सय ९८ रुपैंया राजस्व संकलन भएको छ । गत आवको बैंक मौज्दातको अंश ६ दशमलव १७ प्रतिशत अर्थात २ करोड ९३ लाख ५७ हजार ७६० रुपैंयाँ पैसा ४२ रहेको छ ।

हाल सम्म संघीय सरकारबाट कुल बजेटको ९० प्रतिशत वित्तीय हस्तान्तरण अनुदान प्राप्त भइसकेको छ । यस अन्तर्गत संघीय समानीकरण, सशर्त चालु र पुँजिगत र विशेष अनुदान रहेका छन। त्यस्तै प्रदेश सरकारबाट कुल बजेटको ४९ प्रतिशत वित्तीय हस्तारण आम्दानी भइसकेको छ । यस अन्तर्गत प्रदेश समानीकरण, सशर्त चालु र पुँजिगत र समपूरक अनुदान रहेका छन । त्यस्तै बाँडफाँटबाट प्राप्त संघीय राजश्व बाँडफाँटको ९५ दशमलव २० प्रतिशत आम्दानी प्राप्त भएको छ । प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट अर्थात सवारी साधन कर कुल बजेटको ८० दशमलव ९६ प्रतिशत प्राप्त भएको छ ।

सभाध्यक्ष महोदय,

अव म चालु आर्थिक वर्षको असार ९ गते सम्मको खर्चको प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।

हालसम्म कुल स्वीकृत बार्षिक बजेटको ५३ दशमलव ८९ प्रतिशत रकम खर्च भएको छ । गत आवको यही अवधिमा कुल खर्च ६५ दशमलव २३ प्रतिशत रहेको थियो ।

चालु आर्थिक वर्षमा कुल चालु खर्च बजेटको समीक्षा अविधमा त्यसको ६८ दशमवल १ प्रतिशत खर्च भएको छ । गत आर्थिक वर्षको सोही अवधिमा कुल चालु खर्च ७३ दशमलव ३१ प्रतिशत रहेको थियो ।

त्यस्तै कुल पुँजिगत बजेटको समीक्षा अवधिमा २५ दशमलव ७३ प्रतिशत खर्च भएको छ । गत आर्थिक बर्षको सोही अवधिमा कुल पुँजिगत खर्च ४३ दशमलव २९ प्रतिशत रहेको थियो ।

यस पछि म चालु आर्थिक वर्षको असार ९ गतेसम्मको क्षेत्रगत बजेट तथा खर्चको प्रगित विवरण प्रस्तुत गर्न चाहन्छु ।

चालु आर्थिक वर्षमा आर्थिक विकासको क्षेत्रमा विनियोजित कुल बजेटको २३ दशमलव ९६ प्रतिशत खर्च भएको छ । त्यस्तै सामाजिक विकास तर्फ विनियोजित बजेटको समीक्षा अविधमा ५६ दशमलव ८ प्रतिशत रकम खर्च भएको छ ।

त्यस्तै गरी पूर्वाधार विकासमा चालु आर्थिक वर्षमा विनियोजित बजेटको ३१ दशमलव २० प्रतिशत खर्च भएको छ । त्यस्तै सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा चालु आर्थिक वर्षमा विनियोजित बजेटको ४१ दशमलव ६९ प्रतितश खर्च भएको छ ।त्यसै गरी कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा विनियोजित बजेटको समीक्षा अविधमा ७१ दशमलव ९२ प्रतिशत खर्च भएको छ ।

*सभाध्यक्ष महोदय तथा सभाका सदस्य ज्यूहरु*

अब म यस सम्मानित गाउँसभामा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि बजेट तथा कार्यक्रमको प्रस्ताव प्रस्तुत गर्न गइरहेको छु ।

आगामी आर्थिक वर्ष २०८३/८४ को लागि कुल अनुमानित आय ५२ करोड ५५ हजार ९६४ अनुमान गरिएको छ ।

| क्र.सं. | अनुदान/राजश्वका प्रकार | रकम | कैफियत |
|---|---|---|---|
| संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण | | | |
| १ | वित्तीय समानीकरण | ९,०३,००,००० | **नौ करोड तीन लाख** |
| १. | सशर्त चालु अनुदान | २३,६१,००,००० | **तेईसी करोड एकसठ्ठी लाख** |
| २. | सशर्त पुँजीगत अनुदान | २,४०,००,००० | **दुई करोड चालीस लाख** |
| ३. | समपूरक अनुदान पुँजीगत | ७४,००,००० | **चौरहत्तर लाख** |
| **जम्मा** | | **३५,७८,००,०००** | **सैती करोड अठहत्तर लाख** |

| | | | |
|---|---|---|---|
| **प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण** | | | |
| ५. | वित्तीय समानीकरण | ७९,४२,००० | **उनान्असी लाख बयालीस हजार** |
| ६. | सशर्त चालु अनुदान | ५४,४६,००० | **चवन्न लाख छयालीस हजार** |
| ७. | सशर्त पुँजीगत अनुदान | १,३१,००,००० | **एक करोड एकतीस लाख** |
| ८. | समपूरक अनुदान पुँजीगत | १,००,००,००० | **एक करोड** |
| **जम्मा** | | **३,६४,८८,००० तीन करोड चौसठ्ठी लाख अठासी हजार** | |
| **बाँडफाँटबाट प्राप्त हुने राजश्व** | | | |
| ८. | बाडफाँटबाट प्राप्त राजश्व-संघीय सरकार | ९,००,७१,००० | **नौ करोड एकहत्तर हजार** |
| ९. | बाडफाँटबाट प्राप्त राजश्व-प्रदेश सरकार | ७१,८६,९६४ | **एकहत्तर लाख छयासी हजार नौ सय चौसठ्ठी** |
| १०. | बाडफाँटबाट प्राप्त दहत्तर बहत्तर शुल्क | ३०,००,००० | **तीस लाख** |
| ११. | घरजग्गा रजिष्ट्रेसन शुल्क | १०,००,००० | **दश लाख** |
| १२. | बाडफाँटबाट प्राप्त रोयल्टी | १०,००० | **दश हजार** |
| **जम्मा** | | **१०,१२,६७,९६४ दश करोड बाह्र लाख सतसठ्ठी हजार नौ सय चौसठ्ठी** | |
| **आन्तरिक राजश्व र बैंक मौज्दात** | | | |
| १३. | आन्तरिक राजश्व | ९५,००,००० | पन्चानब्बे हजार |
| १४. | बैंक मौज्दात | १,५०,००००० | एक करोड पचास लाख |
| **जम्मा** | | **२,४५,००,०००/- दुई करोड पैतालीस लाख** | |

| | |
|---|---|
| **कुल जम्मा आय अनुमान** | **५२,००,५५,९६४/- बाउन्न करोड पचपन्न हजार नौ सय चौसठ्ठी रुपैयाँ ।** |

**सभाध्यक्ष महोदय,**

१६. अब म सम्मानित सभासमक्ष अघि उल्लिखित आय अनुमानबाट विनियोजित कार्यक्रम सम्मानित सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।यी कार्यक्रमहरुलाई तीन भागमा सम्मनित सभासमक्ष वाचन गर्न चाहन्छु ।

क. संघीय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमहरु

ख. प्रदेश सरकारबाट हस्तान्तरित सशर्त कार्याक्रमहरु

ग. गाउँपालिकाले विनियोजन गर्ने कार्यक्रमहरु

१७. सर्वप्रथम म संघीय सरकारबाट हस्तान्तरिक सशर्त बजेट रकम २६ करोड ७५ लाखबाट केही कार्यक्रमहर सभासमक्ष प्रस्तुत गर्न चाहन्छ । जसमा सशर्त चालु, सशर्त पुँजीगत र समपूरक अनुदान रहेका छन् ।

अनुसूचि-१

१८. अब म प्रदेश सरकारबाट हस्तान्तरिक सशर्त बजेट रकम २ करोड ८५ लाख ४६ हजारबाट केही कार्यक्रमहर सभासमक्ष प्रस्तुत गर्न चाहन्छ । जसमा सशर्त चालु, सशर्त पुँजीगत र समपूरक अनुदान रहेका छन् ।

अनुसूचि-२

१९. अब म गाउँपालिकाले विनियोजन गर्ने बजेट रकम २२ करोड ४० लाख ९ हजार ९ सय चौसठ्ठी रुपैयाँ रहेको छ । उक्त बजेटबाट वडा कार्यालयहरुलाई २ करोड ९७ लाख सिलिङ उपलब्ध गराईएको छ । र बाँकी बजेट शिक्षा, स्वास्थ्य, पूर्वाधार, खानेपानी, सुशासन तथा कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चहरुमा विनियोजन गरिएको छ । जुन अनुसूचि-३ मा उल्लेख गरिएका छन् ।

अनुसूचि-३

२०. अन्त्यमा, प्रस्तुत नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, सम्पूर्ण वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, विषयगत समितिका संयोजक तथा सदस्य ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, सम्पूर्ण कर्मचारी ज्यूहरु लगायत सबैप्रति हार्दिक आभार प्रकट गर्दछु । धन्यवाद ! जय मानेभन्ज्याङ!

आश्रचन राई
उपाध्यक्ष
मितिः २०८३/०३/१०